जनकपुर उप-महानगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

जनकपुरधाम, धनुषा

२ नं. प्रदेश, नेपाल

## अत्यन्त जरुरी सुचना

यस कार्यालयमा नक्सा पास प्रयोजनको लागी नक्सा दर्ता गर्दा मिती २०७४ ज्येष्ठ १ गतेदेखी लागु हुने गरी तपसील अनुसारको प्रकृयाहरु अपनाई मात्र नक्सा दर्ता हुने व्यहोरा सम्वन्धित सवैलाई जानकारीको लागी यो सुचना प्रकाशित गरिएकोछ ।

तपसील

१. अव उपरान्त नक्सा दर्ता गराई प्लिंथ लेभलको इजाजत प्राप्त गर्नु भन्दा अगाडी यस कार्यालयमा सुचिकृत भएका कन्सल्टेन्सी/फर्म वा व्यक्तिहरु मध्येबाट सुपरभिजनको लागी यस कार्यालयले तोकेको सम्फौतापत्र बमोजिम घरधनी र सुपरिवेक्षक विचको सम्फौता पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । साथै प्लिन्थ लेभल सम्मको इजाजत प्राप्त गरिसके पछि तपसिल अनुसारको सुपरिवेक्षकले तिन तहमा फोटो सहितको प्रतिबेदन यस उप-महानगरपालिकालाई पेश गर्नुपर्ने व्यहोरा पनि यहि सूचनाबाट जानकारी गराइन्छ ।

**क) हातीपाईला,जग बन्धन र पिल्लरको डण्डी गाँसेको देखिनेगरी**
(Foundation, Lower Tie Beam and Column Details)

**ख) प्लिंथ लेभल भन्दा माथि पिलरको डण्डी , सिल र लिन्टेल बन्धन रिंग देखिने गरी**
(Column reinforcement details including Ductile Detailing above Plinth level, sill and lintel bands)

**ग) ढलान पूर्व नै ढलानको डण्डी गाँसेको देखिने गरि**
(Beam and Slab Reinforcements)

२. अव उपरान्त नक्सा दर्ता गराई प्लिंथ लेभलको इजाजत प्राप्त गर्नु भन्दा अगाडी यस कार्यालयमा सुचिकृत भएका तालिम प्राप्त डकर्मीहरु मध्येबाट यस कार्यालयले तोकेको सम्फौतापत्र बमोजिम घरधनी र डकर्मी विचको सम्फौता पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

.....................

अर्जुन प्रसाद सुवेदी

कार्यकारी अधिकृत

कार्यकारी अधिकृत